# स्थानीय राजपत्र

## चन्द्रकोट गाउँपालिकाद्वारा प्रकाशित

चन्द्रकोट, खण्डः ७ भागः २ संख्याः ०८, मितिः २०८१/०८/१४ गते

### भाग-२

### चन्द्रकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

चन्द्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ को अधिकार प्रयोग गरी चन्द्रकोट गाउँ कार्यपालिकाले बनाएको यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

## चन्दकोट गाउँपालिका, गुल्मी

## बाल सञ्जाल गठन र सहजीकरण निर्देशिका २०८१

प्रस्तावना

नेपालको संविधानको धारा १७ को उपधारा २ (घ) अनुसार संघ संस्था खोल्ने स्वतन्त्रता, धारा ३९ को उपधारा ३ बमोजिम प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भन्ने कुरालाई आत्मासाथ गर्दै, बालबालिका सम्बन्धी एन, २०७५ को दफा १० अनुसार संस्था खोल्ने र शान्तिपूर्ण भेला हुने अधिकार अन्तर्गत बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरुको संगठन स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुऱ्याउन स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को दफा १०२ कमोजिम चन्द्रकोट गाउँपालिकाद्धारा बाल संजाल गठन र सहजीकरण निर्देशिका २०८१ स्वीकृत गरी लागु गरिएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस निर्देशिकाको नाम “बाल सञ्जाल गठन र सहजीकरण निर्देशिका २०८१” रहनेछ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकाको प्रयोजनका लागि निम्न परिभाषा कायम गरिएको छ।

(क) “बालबालिका” भन्नाले १८ वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई सम्झनु पर्दछ।

(ख) “सेवाप्रदायक” भन्नाले नेपाल सरकार अन्तर्गत स्थानीय तहमा सेवा प्रवाह गर्नका लागि ईकाइको रुपमा रहेका स्वास्थ्य, शिक्षा, महिला बालबालिका, पशु सेवा, कृषि सेवा, प्रहरी चौकी तथा गैरसरकारी संघ संस्थाहरुलाई सम्झनु पर्दछ।

(ग) “बाल समूह/क्लब” भन्नाले यस निर्देशिका बमोजिम गठन भई वडा बाल अधिकार समितिमा सूचीकृत भएका १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरुको संगठनलाई जनाउनेछ।

(घ) “बाल सञ्जाल” भन्नाले यस निर्देशिका बमोजिम गठन भएका बाल समूह/क्लबहरुको वडा र पालिका स्तरको सञ्जाललाई जनाउनेछ।

(ङ) “विशिष्टीकृत बाल समूह” भन्नाले विश्वव्यापी प्रचलनमा रहेका नियम तथा नेपाल सरकारका विशिष्टीकृत निकायले विशिष्ट उद्देश्यले निर्माण गरेका समूहहरु : जुनियर रेडक्रस, स्काउट जस्ता विशेष समूहलाई जनाउँदछ।

(च) “सामाजिक परिचालक वा सहजकर्ता” भन्नाले बाल समूहको गठन तथा सञ्चालनका लागि यस निर्देशिका बमोजिम नियुक्त भएका व्यक्तिलाई जनाउँदछ।

(छ) “सहयोगी संस्था” भन्नाले स्थानीय तहमा बाल समूहलाई सहयोग गर्ने तथा बाल अधिकार संरक्षणका विभिन्न कार्यँक्रमहरु सञ्चालन गरिरहेका अनुमति प्राप्त गैरसरकारी संस्थाहरुलाई जनाउँदछ ।

(ज) “सामाजिक परिचालक” भन्नाले स्थानीय तहमा शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्न नियुक्त सामाजिक परिचालकलाई जनाउँदछ ।

(झ) “संरक्षक शिक्षक” भन्नाले विद्यालयमा बाल समूहलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउँदछ ।

(ञ) “बालबालिका सम्बन्धी ऐन” भन्नाले संघीय सरकारले जारी गरेको बालबालिका सम्बन्धी ऐन २०७५ र लुम्बिनी प्रदेशको बालबालिका सम्बन्धि ऐन २०७६ समेत लाई सम्झनु पर्दछ ।

(ट) “निर्देशिका” भन्नाले चन्द्रकोट गाउँपालिकाले जारी गरेको बाल सञ्जाल गठन र सहजीकरण निर्देशिका २०७९ सम्झनु पर्दछ ।

(ठ) “स्थानीय बाल अधिकार समिति” भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० ले दिएको अधिकार अनुसार यस चन्द्रकोट गाउँपालिकामा गठन गरिएको पीलका स्तरीय बालअधिकार समितिलाई सम्झनु पर्दछ ।

(ड) “वडा बालअधिकार समिति” भन्नाले चन्द्रकोट गाउँपालिकाको स्थानीय बाल अधिकार समिति तथा वडा बाल अधिकार समिति सञ्चालन कार्यविधि २०८१ बमोजिम गठन भई वडा स्तरमा सञ्चालनमा रहेको बाल अधिकार समितिलाई सम्झनु पर्दछ ।

(ढ) “बालकल्याण अधिकारी” भन्नाले बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६१ तथा कार्यविधि अनुसार तोकिएको वा नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ण) “बालमैत्री स्थानीय शासन समिति” भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०८१ वा यसलाई प्रतिस्थापन गर्न बनेको संघीय वा प्रादेशिक वा स्थानीय कानून बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(त) “बाल कोष” भन्नाले चन्द्रकोट गाउँपालिकाले स्वीकृत गरेको बाल कोष सञ्चालन कार्यविधि २०८१ बमोजिम स्थापना गरी कार्यान्वयनमा रहेको कोष सम्झनु पर्दछ ।

(थ) “गाउँपालिका” भन्नाले चन्द्रकोट गाउँपालिकालाई सम्झनु पर्दछ ।

(द) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

## ३. निर्देशिकाको उद्देश्य

(क) बालबालिकाको सहभागिताको अधिकारलाई सुनिश्चित गर्ने ।

(ख) बालबालिकाको स्वतन्त्रता र सहभागिताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने ।

(ग) बाल समूहको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित, पारदर्शी तथा समावेशी बनाउने ।

(घ) बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(ङ) बालसमूहहरुलाई एकद्धार प्रणालीमार्फत क्रियाशील गरी बाल सहभागिताको सुनिश्तिताको लागि सहयोग गर्ने ।

(च) सबै बाल क्लब वा समूहहरुको गठन, क्षमता विकास र परिचालनमा एकरुपता ल्याउने ।

## ४. निर्देशिकाको कार्यान्वयन

(क) गाउँपालिकामा बाल समूह र सञ्चाल गठन तथा सहजीकरणका लागि यस निर्देशिका बमोजिम कार्य गर्नु गराउनु स्थानीय सरकारको दायित्व हुनेछ ।

(ख) बाल सहभागिता तथा बाल समूह सहजीकारणमा क्रियाशील राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संस्था तथा विकासका साझेदारहरुको यस निर्देशिकाको अवलम्बन गर्नु गराउनु उनीहरुको जिम्मेवारी हुनेछ ।

## ५. बाल समूह/बाल क्लब गठन प्रक्रिया

**बाल समूहका किसिम :** गाउँपालिकामा बाल समूह सामान्य तया ३ प्रकारका हुनेछन् र गठन भएका बाल समूहहरु वडा कार्यालयमा आवद्ध भएक ाहुनेछन् ।

### क) समुदायमा आधारित बाल समूह/बाल क्लबहरु :

- पालिकाको वडाहरु भित्र रहेको कुनै निश्चित गाउँ, टोल वा बस्ती भित्रका बालबालिकाहरुलाई समेटेर वा पालिकाको निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बाल समूहलाई समुदायमा आधारित बाल समूह/बालक्लब भनिनेछ ।
- गाउँपालिकाको प्रत्येक वडाहरुको टोल, बस्ती, वडा भित्र बाल समूह गठन गर्न सकिनेछ ।
- बाल समूहले सम्बन्धित क्षेत्र भित्रका सबै उमेर लिंग, जाति, अर्थिक हैसियत तथा शारीरिक अवस्थाका बालबालिकाहरुलाई समेट्ने र उनीहरुको उचित प्रतिनिधित्व तथा सहभागिता हुने कुरा सुनिश्चित गर्नुपर्नेछ । साथै बाल क्लब/बाल समूहमा बालक र बालिकाहरुको अवस्था हेरी पचास-पचास प्रतिशतको सहभागिता रहनेछ । अपाङ्गता भएका बालबालिकाको सहभागितालाई प्राथमिता दिइनु पर्नेछ ।

- बाल समूहमा सम्बन्धित क्षेत्र भित्र बसोबास भएको बालबालिका मात्र सदस्य बन्न सक्नेछन् ।
- समुदाय स्तरीय बाल समूहको संरचना अनुसूची १ मा उल्लेख गरे अनुसार हुनेछ ।

## ख) विद्यालयमा आधारित बाल समूह :

- गाउँपालिकाका विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई समेटेर उक्त विद्यालय भित्र बाल अधिकार अनुगमन तथा प्रवर्द्धन गर्न विद्यालय स्तरीय बाल क्लब गठन गरिने छ जसलाई विद्यालयमा आधारित बाल समूह भनिनेछ ।
- विद्यालयमा आधारित बाल समूहहरुले सबै जातजाति, कक्षा, लिंग र शारीरिक हैसियतका बालबालिकाहरुको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्दछ ।
- यसरी बन्ने बाल समूहमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा भर्ना भई अध्ययनरत हुनुपर्दछ ।
- विद्यालयमा आधारित बाल समूहको संरचना अनुसूची २ माउल्लेख गरे अनुसार हुनेछ ।

## ग) बाल सञ्जाल :

- गाउँपालिकाका प्रत्येक वडाहरुमा त्यस वडामा रहेका सूचीकृत समुदाय स्तरीय बाल क्लब, विद्यालय स्तरीय बाल क्लब, विषयगत र विशिष्टीकृत बाल क्लबको रुपमा गठित प्रत्येक बाल क्लबहरुबाट एक/एक बालिका समेत र  जन प्रतिनिधिहरुको भेला गराई वडा स्तरीय बाल सञ्जालको गठन गरिनेछ ।

प्रत्येक वडा स्तरीय बाल सञ्जालहरुबाट एक जना बालिका र जनप्रतिनिधिहरुको भेला गराई पालिका स्तरीय बाल सञ्जालको गठन गरिनेछ ।

## ६. बाल समूह/क्लब गठनका लागि प्रक्रिया

क. सामान्य तया समुदाय स्तरीय बाल क्लब गठन समुदायमा रहेका १८ वर्ष मुनिका सबै बालबालिकाहरुको भेलालाई यस गाउँपालिकाका कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरुमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बाल अधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको समूहलाई नै बाल समूह मानिनेछ ।

ख. सबै बाल समूहहरु सम्बन्धित वडामा अनिवार्य सूचीकृत र नविकरण हुनुपर्नेछ । प्रत्येक वडाभित्र रहेका बाल क्लबहरु वडा बाल अधिकार समिति र वडाले सूचीकृत भएका बाल क्लबहरुको अभिलेखिकरण स्थानीय बाल अधिकार समितिमा पठाउनु पर्नेछ ।

ग. विद्यालय स्तरीय बाल क्लब गठन गर्दा कक्षा १ देखि माथिका बालबालिकाहरुको उपस्थितिमा बाल समूह गठन गरिनेछ । आवश्यकता अनुसार ८ वर्ष देखि ११ वर्षका एउटा बाल समूह र १२ वर्ष देखि १८ उमेर समूहको फरक-फरक बाल समूहको गठन गर्न सक्नेछन् । विभिन्न उमेर र विषयगत बाल समूहहरु र सोही बाल समूह अन्तर्गत उप-समूहका रुपमा क्रियाशील रहन सक्नेछन् ।

घ) समुदाय स्तरमा समुदायको आवश्यका अनुसार बाल समूह गठन गर्दा  ९ वर्ष देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरुको सहभागिता रहनेछ ।

ङ. समुदायमा आधारित बाल समूह गठन गर्न चाहने जो कोहिले पनि बाल समूह गठन गर्ने औचित्य र कारणहरु समेत स्पष्ट पारी न्यूनतम पनि ५ दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अभिभावकहरुलाई खुला सूचना दिनुपर्नेछ ।

च. यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय भाषाहरुमा समेत दिनुपर्नेछ ।

छ. सूचना उपलब्ध गराउने विधिमा स्थानीय सामुदायिक भवन, वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरु, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय आदिमा सूचना टाँस गरी र पहुँचमा आएका बालाबलिकाहरुलाई मौखिक रुपमा भेलाका लागि जानकारी दिन सकिनेछ ।

ज. बाल समूह गठन गर्ने भेलाका बालबालिकाहरुको मनग्य उपस्थिति हुनु पर्नेछ ।

झ. बाल समूहको गठन गर्ने भेलामा बालबालिकाको  लागि सहज पहुँच भएको र सुरक्षित स्थानीय सार्वजनिक स्थल वा भवनहरुमा आयोजना गरिनु पर्दछ ।

ञ. गठन पूर्व बाल अधिकारको अवधारणा, बाल सहभागिताको अधिकार, बाल सहभागितामा नेपालका नीतिगत व्यवस्थाहरु, स्थानीय तहमा बाल समूह गठन गर्नुको कारण र योजना, बाल समूहका मुख्य उद्देश्य र कार्यक्रमहरुको बारेमा जानकारी दिनुपर्नेछ । अभिमुखिकरण तथा जानकारीहरु सरल र बालबालिकाले बुझ्ने भाषामा सम्प्रेषण गरिनु पर्नेछ । यदी बहुसंख्यक सहभागीले नेपाली भाषा नबुझ्ने अवस्थामा भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाउनु पर्नेछ ।

ट. भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाहरुको छुट्टाछुट्टै उमेर, जातजाति र लिंग समेत जनाउने गरी उपस्थिति गराउनु पर्नेछ ।

ठ. विद्यालयमा आधारित बाल समूह गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गरिनुपर्दछ । भेलाको आयोजना विद्यालय परिसर भित्रै प्रधानाध्यापक, तोकिएको शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गरिनु पर्नेछ ।

ड. विषयगत बाल समूह गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गरिनु पर्नेछ ।

## ७. नेतृत्व चयन

### क) बाल क्लब/समूहको नेतृत्व चयन :

१. बाल समूह गठन गर्दा  भेलामा सहभागी बालबालिकाहरुको सहमति भएमा बाल समूहको नेतृत्व चयन गरिनु पर्नेछ ।

२. बाल समूहको नेतृत्वको लागि सहमति जुट्न नसकेमा तल उल्लेखित मध्ये कुनै एक विधिबाट चयन गर्न सकिनेछ । कुन विधिबाट चयन गर्ने भन्ने निर्णय स्वयं उपस्थित बालबालिकाहरु माभm छलफल गरी तय गरिनुपर्नेछ ।

**बहुपदीय नेतृत्व** : बाल समूहमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष तथा सदस्यहरु रहनेछन् ।

**चक्रिय नेतृत्व** : बाल समूहमा निश्चित संख्यामा कार्य समिति सदस्य बन्ने । कार्य समितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा कार्य समिति सदस्य मध्येबाट नयाँ अध्यक्ष र सचिव हुने र यहि प्रक्रिया आगामी बैठकहरुमा दोहोरिदैं जाने ।

३. बाल समूहको कार्यसमिति संख्या ७ देखि ११ सदस्यीय सम्म बनाउन सकिनेछ ।

४. बाल समूहले आवश्यकता अनुसार उपसमितिहरु गठन गरी कार्यक्रमहरु गर्न सक्नछन् । बाल समूहका उप-समितिमा ३ देखि ७ जना सम्म सदस्य बन्न सक्नेछन् ।

५.बाल समूलको नेतृत्व र सदस्यहरुमा उपलब्ध भए सम्म ५० प्रतिशत बालिका, र सो क्षेत्रमा भएका दलित, आदिवासी जनजाती, मधेशी, ब्राम्हण, क्षेत्री, नेवार सबै समुदायबाट प्रतिनिधित्व हुनुपर्दछ ।

६. एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल समूहको नेतृत्वमा बस्न पाइने छैन । तर बाल समूहका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न पाउनेछन् ।

७. समुदायमा आधारित बाल समूहको नेतृत्व न्युनतम प्रत्येक २ वर्षमा परिवर्तन हुनु पर्दछ भने विद्यालयमा आधारित बाल समूहको नेतृत्व परिवर्तन हरेक वर्ष हुनुपर्दछ ।

८. एकै बालबालिका बाल समूहको एउटै पदमा दुई कार्यकाल भन्दा बढि समय बस्न हुँदैन ।

९. बाल समूहका सदस्यहरु बिचमा नेतृत्व चयनका सर्न्दभमा विवादहरु आएमा निम्न अभ्यासहरु गर्नुपर्नेछ । :

- नेतृत्व गर्न चाहने सदस्यले आफुले बाल समूहलाई कसरी सक्रिय र बलियो बनाउनृ भन्ने विषयमा अर्को सदस्य प्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्न लगाउने ।
- नेतृत्व गर्न चाहने सदस्यहरु बीच मात्र छलफल गराई सहमती गराउने ।
- नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने ।
- नेतृत्व गर्न चाहनेहरु बिच विभिन्न समिति बनाई उक्त समितिको जिम्मेवारी प्रदान गर्ने ।
- माथि उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरु माभm गोप्य मतदान गराउने । यसरी मतदान गराउँदा प्रचार-प्रसार गर्न नपाउने व्यवस्था गर्ने ।

**ख) बाल सञ्जालहरुको गठन**

१. बाल समूह / क्लबहरु बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरुको समुहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सिर्जना गर्न प्रत्येक वडामा वडा स्तरीय र पालिकामा स्तरीय बाल सञ्जालको गठन गरिनेछ ।

२. बाल सञ्जाल प्रत्येक वडाहरुमा र पालिकास्तरमा एउटा एउटा गठन गरिनेछ ।

३. वडा स्तरको बाल सञ्जाल गठन गर्नका लागि सम्बन्धित वडाभित्र गठन भएका समुदाय स्तरीय बाल क्लव र विद्यालय स्तरीय बाल क्लब समूहका एक जना बालिका समेत गरी जनप्रतिनिधिहरुको भेलाको आयोजना गरी समावेशिताको आधारमा गठन गरिनेछ  भने पालिका स्तरीय बाल सञ्जालको गठन गर्दा वडा स्तरीय बाल सञ्जालको एक जना बालिका समेत र जनाप्रतिनिधिहरुको भेला गरी समावेशिताको आधारमा गठन गरिनेछ ।

४. यसरी भेला आयोजना गर्दा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल समूहहरुलाई भेलाको मिति भन्दा ५ दिन अगावै सूचना प्रदान गरिनु पर्दछ । सूचनामा निम्न जानकारीहरु आवश्यक हुन्छ :

- भेलाको मिति, समय र स्थान ।
- भेलामा छलफल हुने विषयहरु, भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल समूहको प्रतिनिधि संख्या (जातजाति, लिंग समेत तय गरिएको भए सो समेत स्पष्ट गर्ने ) ।
- भेलामा सहभागिका लागि उपलब्ध हुने सुविधा लगायत अन्य विवरण ।

५. बाल समूहका प्रतिनिधिहरुले भेलामा सहभागी हुन निम्न कुराहरु अनिवार्य हुनु पर्नेछ :

- आफ्नो बाल समूहमा छलफल गरी निर्णय गरेको हुनुपर्दछ ,
- विद्यालयबाट भेलामा सहभागी हुन सहमति दिइएको हुनुपर्दछ ,
- समुदायमा आधारित बाल समूहको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अभिभावकको सहमति हुनुपर्दछ ।

६.  सञ्जालको नेतृत्वका पुन गठन प्रत्येक २ वर्षमा गर्नु पर्दछ ।

## ८. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन

क) बाल समूह सञ्जालको नेतृत्व चयनको सन्दर्भमा बालबालिकाहरु माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्नका लागि सकेसम्म चुनाव हुने अवस्था आउन दिनु हुदैंन ।

ख) समान क्षमताका प्रतिस्पर्धाहरुलाई सहमति गराई एक अर्कालाई स्वीकार्न सक्ने बनाउन पहिलो प्रयत्न गर्नुपर्नेछ ।

ग) प्रतिस्पर्धा बालबालिकाहरुलाई चक्रिय नेतृत्व, संयोजन समूह वा उप समितिहरुको गठनबाट पनि विभिन्न जिम्मेवारीहरु प्रदान गरी उनीहरुको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ

घ) बालबालिकाहरु माझ हुने प्रतिस्पर्धामा वयस्कहरुको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनु पर्नेछ ।

ङ) सहमति नजुटेमा सहमतिको आधारमा चिट्ठा प्रणाली, पहिलो हुने निर्वाचित हुने चुनावको विधि अपनाउन सकिनेछ ।

## ९. आवद्धता तथा सूचीकरण

क) समुदायमा तथा विद्यालयमा गठन भएका बाल समूहहरु र वडा स्तरीय बाल समूह सञ्जाल गठन भएको १ महिनाभित्र आफ्नो सम्बन्धित वडाको वडा बाल अधिकार समितिमा सूचीकृत हुनु पर्दछ ।

ख) सूचीकृत बाल समूहहरु हरेक वर्ष अद्यावधिक हुनु पर्दछ । यसरी अद्यावधिक हुँदा अद्यावधिकताका लाीग निवदेन, बाल समूहको वार्षिक भेलाको उपस्थिति र विद्यमान कार्य समितिको नामावली, सहजकर्ताको नाम, सम्पर्क र बालसमूहले अघिल्लो वर्ष सम्पन्न गरेका कार्यक्रमहरुको सूची संलग्न गर्नुपर्दछ ।

ग) विद्यालयमा आधारित बाल समूहले नविकरण गर्दा सम्बन्धित विद्यालयको सिफारिस-पत्र पनि आवश्यक पर्दछ ।

घ) बाल समूहको नाम भेलाका सहभागी बालबालिकाहरुको आपसी सहमतीमा राख्ने छन् । बाल समूहको नाम त्यसै क्षेत्रको अर्को बाल समूहको नाम सँग मिलेमा अर्को नाम राख्नुपर्नेछ ।

ङ) बाल समूहको नामसँग कुनै पनि निजी वा गैर सरकारीहरुले आफ्नो नाम जोड्न हुँदैन ।

च) स्थानीय निकायमा बाल समूह सूचीकरण हुनुको अर्थ स्थानीय निकायबाट आर्थिक वा अन्य श्रोत उपलब्ध हुने सुनिश्चितता मानिने छैन ।

छ) बाल समूहको सूचीकरण तथा नविकरणका लागि सहजकर्ता निकाय, व्यक्तिले अनिवार्य उपस्थित भई प्रमाणित र सहमति गर्नु पर्दछ ।

ज) सूचीकृत तथा नविकरण भएका बाल क्लबको विवरण सम्बन्धित स्थानीय तहले बालबालिकाको स्थिति प्रकाशन सँगै समावेश गरी प्रकाशन गर्नु पर्नेछ ।

## १०. सहजकर्ता संस्था, निकाय र व्यक्तिहरु :

क) बाल समुहको गठन तथा सञ्चालन वयस्क सहजकर्ता वा सहजकर्ता संस्थाको उपस्थितिमा गर्नुपर्नेछ ।

ख) प्रत्येक बाल समूहको एक वयस्क सहजकर्ता वा सहजकर्ता/संस्था हुन जरुरी हुन्छ ।

ग) सहजकर्ताले बाल समूहको बैंठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, उनीहरुलाई सही र उपयुक्त उपायहरु सुझाउने तथा श्रोत सम्म उनीहरुको पहँच बनाउने सहयोग गर्नुपर्नेछ ।

घ) बालसमूहका गतिविधि र त्यसबाट उत्पन्न परिणाम प्रति सहजकर्ता, संस्था वा निकायको पनि नैतिक जिम्मेवारी रहनेछ ।

ङ) सहजकर्ताको छनौट प्रक्रियामा बाल समूहको सहमती र स्वीकार्यता अनिवार्य रहनेछ ।

## ११. वयस्क सहजकर्ताको चयन

क) प्रत्येक बाल समूहको वयस्क सहजकर्ता अनिवार्य हुनुपर्नेछ ।

ख) वयस्क सहजकर्ता बाल समूह गठन गर्न सहयोग गर्ने संस्थावा स्थानीय निकायले नियुक्त गर्नेछ ।

ग) वयस्क सहजकर्ताले सहजीकरण गरे बापत बाल समूह सँग कुनै परिश्रमिक लिनु हुदैन । तर सहयोगी संस्था वा स्थानीय निकायले निश्चित परिश्रमिक वा प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ ।

घ) वयस्क सहजकर्ताले न्यूनतम १२ उर्त्तिण तथा १९ वर्ष भन्दा बढी उमेर समूहको व्यक्ति हुनेछ सहजकर्ता स्थानीय बाल अधिकार समिति वाबालमैत्री स्थानीय शासन समन्वय समितिका सदस्या वा संस्थाको तर्फबाट तोक्न सकिनेछ ।

च) सहयोगी संस्था वा विद्यलायले नियुक्त गरेको अवस्थामा बाहेक वयस्क सहजकर्ता स्थानीय व्यक्ति हुनुपर्नेछ ।

छ) बाल समूहको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको हुनुपर्दछ :

- बल समूहका पूर्व सदस्य भएकालाई प्राथमिकता दिनुपर्नेछ ।
- बल अधिकार बारे जानकार, सचेत, संवेदनशील तथा तालिम प्राप्त ।
- बालमैत्री व्यवहार बारे सचेत र अभ्यस्त
- बालबालिका प्रति सकारात्मक धारणा राख्ने ।
- बालबालिका विरुद्ध कुनै पनि हिंसा नगर्न प्रतिवद्ध ।
- कुनै पनि राजनितिक दल वा राजनितिक संगठनको सक्रिय जिम्मेवारीमा नरहेको ।
- फौजदारी अपराधमा सलग्न नभएको ।
- स्थानीय समुदायमा बसोबास भएको ।
- मदिरा, सुर्ती, चुरोट लागु औषधको अम्मल नभएको व्यक्ति ।

## १३. वयस्क सहजकर्ताको भूमिका र सिमितता

क) स्थानीय वयस्क सहजकर्ता बालअधिकार प्रति प्रतिबद्ध, स्वयंसेवी भावनाको र दफा ११(घ) तथा (६) माउल्लेख  गरिएको योग्यता भएको व्यक्ति हुनुपर्दछ ।

ख) वयस्क सहजकर्ताले बाल समूहमा निम्न भूमिकाहरु निर्वाह गर्नूपर्दछ ।

- बाल समूहको बैंठक कार्यक्रम योजना निर्माण तथा कार्यान्वयनमा सहजीकरण ।
- बाल समूहलाई स्थानीय सरोकारवाला निकायहरुसँग सर्म्पक सम्बन्ध विस्तार गर्न सहजीकरण गर्ने ।
- बाल समूहले गर्ने कार्यक्रमहरुका लागि  स्थानीय स्रोत हरु जुटाउन सहयोग गर्ने
- बालसमूहका सामग्रीहरुको उपयुक्त प्रयोग भएन भएको अनुगमन गर्ने र सम्पत्तीको संरक्षण गर्ने
- बालसमूहको सदस्यहरु मझ आएका विवादहरुको समाधान गर्न सहयोग गर्ने
- बालसमूह र स्थानीय समुदाय बीच तनाव उत्पन्न भएमा त्यसको समाधानका लागि सहजीकरण गर्ने
- बालसमूहलाई बालअधिाकार लगायतका स्थानीय विकासका सवाल सम्बन्धी सूचना समाग्रीहरु उपलब्ध गराउन पहल गर्ने
- आवश्यकता अनुसार बालअधिकार, बाल सहभागिता, बालसमूह सहजीकरणका प्रशिक्षण, गोष्ठी तथा तालिमहरुमा सहभागी हुने ।
- बालसमूहका सदस्य आफ्नो समुदाय बाहिर अन्यकुनै कार्यक्रममा सहभागी हुन परेमा वयस्क संरक्षकको भूमिका निभाउने ।

ग) वयस्क सहजकर्ताले बालसमूहको सहजीकरण गर्दा निम्न कार्यहरु गर्न हुदैंन :

- बालसमूहको बैठक तथा छलफल आफैले सञ्चालन गर्ने ।
- बालसमूहको योजना आफैले बनाउने, निर्णयहरु आफैले गर्ने र सदस्यहरुलाई सहमत मात्र गराउने ।
- बाल समूहलाई निश्चित निर्णय गर्न लगाउने वा निश्चित विषयमा आफ्नो धारणा राख्ने ।
- बाल समूहका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरुमा प्रतिनिधित्व गर्ने
- बालसमूहका सदस्यहरुलाई हपकाउने, हिंसा, दुर्व्यव्यहार, अपहेलाना, मानसिक, शारीरिक, शोषण, गर्ने वा धम्की दिने वा यौन दुर्व्यवहार गर्ने
- बाल समूहका सदस्यहरु मझ जात भाषा, क्षेत्र, रंग, धर्म, लिंग, उमेर, शारीरिक अवस्था, सामाजिक अवस्था, सामाजिक तथा आर्थिक हैसियत लगायत कुनै पनि आधारमा भेदभाव नगर्ने ।
- बालसमूहका सम्पत्ति, बचत रकमहरु जथाभावी प्रयोग गर्ने वा व्यक्तिगत हितमा उपयोग गर्ने

- बालसमूहका सदस्यहरुलाई एक अर्का विरुद्ध भत्काउने, कुनै निश्चित व्यक्ति ,जाति, भाषा, धर्म, क्षेत्र, समुदाय, समूह, समप्रदाय, दल तथा संगठनको. पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न लगाउने ।
- बालसमूहका सदस्यहरुलाई हिंसात्मक गतिविधि, सार्वजनिक धनजनमा क्षति पुग्ने गतिविधि तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित गर्ने
- बालसमूहका सदस्यहरुको उचित सुरक्षाको सुनिश्चितता नगरी समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरुमा संलग्न गराउने ।

घ) सहजकर्ताले माथि खण्ड ग मा उल्लेख भए अनुसारको व्यवहार तथा गतिविधि गरेको भन्ने संका लाग्ने जो कोहीले पनि आवश्यक प्रमाण सहित सम्बन्धित स्थानीय निकाय वा सहयोगी संस्था वा विद्यालयमा उजुरी दिन सक्नेछ ।

ङ) सहजकर्ता विरुद्ध उजुरी र गुनासोको छानविन गरी दोसी पाईएमा सम्बन्धित सहजकर्ता लाई नसिहत दिने, सजहकर्ता बाट हटाउने वा आगामी निश्चित अवधी सम्मका लागि सहजकर्ता बन्न नसक्ने गरी पद/भूमिकाबाट हटाउने निर्णय नियुक्त गर्ने संस्थाले गर्नुपर्नेछ तर सहजकर्ताले नेपाल कानून अनुसार फौजदारी अपराध हुने सम्मको बालबालिकाप्रति कुनै कार्य गरेको भए सम्बन्धित विषय हेर्ने नेपाल सरकारको निकाय सम्प्रेषण गर्नुपर्नेछ ।

च) उजुरीका छानविन तथा निर्णय क्रममा सम्बन्धित सजहकर्तालाई आफ्नो भनाई र स्पष्टिकरण राख्ने अवसर बाटबञ्चित गरिने छैन ।

## १३. नियमित बैठक तथा छलफलका विषयहरु

क) बाल समूहको बैंठकको आयोजना विद्यालय बन्द भएको समयमा र दिनको समयमा सबै सहभागीहरुका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र आयोजना गरिनु पर्नेछ ।

ख) बालसमूहको बैंठकमा वयस्क सहजकर्ताको उपस्थिति हुनुपर्नेछ ।

ग) बालसमूहको बैंठक अधिकतम २ घण्टा भन्दा बढी समय बस्नु हुदैन

घ) बालसमूहको बैंठकको बैंठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ ।

ङ) बालसमूहको बैंठकमा सामान्यतया निम्न प्रस्तावहरुमा छलफल हुन सक्नेछ :

- अघिल्लो बैंठक पछि भएका कार्यक्रमता प्रगतिहरुको समिक्षा,
- बाल समूहका बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरुको धारणा,
- स्थानीय बालअधिकार  सवाल र विविध गतिविधिहरु गर्नुपर्नेछ ,
- आगामी कार्यक्रमको तय, जिम्मेवारी विभाजन र श्रोत संकलन ।

## १४. कार्यक्रम योजना निर्माण :

क) बालसमूहको बैंठक तथा वार्षिक भेलाको कार्यक्रम योजना निर्माण गर्नुपर्दछ । यसरी योजना निर्माण गर्दा मासिक एउटा भन्दा बढी गतिविधिहरु राख्नु हुदैन ।

ख) बालसमूहको कार्याक्रम योजनानिर्माणगर्दा स्थानीय पर्व,मौसम खेतीपातीको क्यालेन्डर विद्यालयको शैक्षिक क्यालेन्डर सँग नजुध्ने गरी वनाइनु पर्नेछ ।

ग) बाल समूहको कार्यक्रम मूलत :- निम्न विषयमा केन्द्रित हुनुपर्दछ :

- **बालअधिकारको प्रचार-प्रसारः** बालबालिकाको स्थानीय तहमा गीत, कविता, लेख, कथा, वक्तृत्वकला, चित्रकला, भित्रेपत्रिका, सड्क नाटक, रेडियो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बालअधिकारका बारेमा प्रचार-प्रसार गर्न सक्दछन् ।
- **बालअधिकार अनुदान** : बाल समूहहरुले आफ्नो क्षेत्रका विभिन्न स्थानीय तहमा गुनासो पेटिका राखेर, साथीहरुको समूह छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बालअधिकारको अवस्था के कस्तो छ भनि अनुगमन गर्न सक्छन् । यसरी बाल समूहले पत्ता लगाएका कुराहरु विद्यालय व्यवस्थापन समिति गाउँपालिका तथा वडा कार्यालय, गाउँ शिक्षा समिति, बाल संरक्षण समिति वा सहयोगी संस्था समक्ष आवश्यक कारवाहीका लागि प्रस्तुत गर्न सक्छन् ।
- **सेवाका लागि सम्प्रेषण र सुझाव** : बाल समूहहरुले आफ्नो समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यव्यहार तथा शिक्षा स्वास्थ्यबाट बञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरु आएमा सेवा प्रदायक संस्थाहरु सँग सर्म्पक गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिस गर्न सर्क्दछन् । उनीहरुले त्यस्ता बालबालिकालाई सेवा प्रदायकहरुको सर्म्पक ठेगाना दिएर पनि सघाउन सक्छन् ।
- **शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरु** बल समूहहरुले बाल सदस्यका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरु खेलकुदका गतिविधिहरु, छोटो समयका विभिन्न सीप कला प्रशिक्षणहरु पनि चलाउन सक्छन् ।
- **सामुदायिक स्वयमसेवा** : बाल समूहका १४ वर्ष भन्दामाथि उमेरका बालबालिकाहरुले सुरक्षितढँगले वयस्कहरुको साथमा स्वयंसेवा पनि गर्न सक्छन् । यस्तो सामुदायिक स्वयंसेवा दैनिक ६ घण्टाभन्दा बढी हुनुहुदैंन र लगातार ३ घण्टाभन्दा बढी हुनुहुदैंन । सामुदायिक स्वयँसेवाका कार्यहरुमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनु पर्दछ प्रचलित कानून बमोजिम बालश्रम तथा बालश्रम ठहरिने गतिविधिमा बालबालिकाले स्वयंसेवा गर्ने छैन् ।
- **निर्णय प्रक्रियालाई प्रभावित पार्नेः** बालसमूहहरुले सामुहिक रुपमा वा प्रतिनिधिमार्फत बालअधिकारका सरोकाहरुलाई स्थानीय योजना तथा नीतिहरुमा सम्बोधन गराउनका लागि बाल भेला, अन्तिरक्रिया, बाल सुनुवाई, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरु आयोजना गर्न सक्छन् ।

## १५. बाल समूहले सञ्चालन गर्ने कार्यक्रमहरुको सिमितता :

तल उल्लेखित ढँगले बाल समूहले कार्यक्रमहरु सञ्चालन गर्न हुदैन :

क) कुनै राजनीतिक दल वा उसको भातृ संगठनको प्रत्यक्ष पक्षपोषण गर्ने ।

ख) सामुदायको सार्वजनिक वा निजी सम्पत्ती तथा कसैको जीउजान माथि क्षति पुग्ने ।

ग) समुदायका निश्चित समूह, जाति वा पेसाकर्मी प्रति गलत भावना र दृष्टिकोण सप्रेषण गर्ने ।

घ) कुनै पनि बालबालिकाको शारीरिक, आर्थिक, सामाजिक, सम्पत्ती, व्यक्तिगत अन्य जानकारी लगायत हिंसा र दूर्व्यवहार, पीडित तथा प्रभावित बालबलिकाको गोपनियता भंग हुने र पहिचान खुल्ने गतिविधिहरु ।

ङ) सांस्कृतिक  कारण बाहेक रातको समयमा र आफ्नो विद्यालयवा समुदाय भन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरु तर प्रतिस्पर्धा तथा आयोजकहरुले उचित सुरक्षा प्रवन्ध गरेको अवस्थामा भने एकाघर संगोलको वयस्क अभिभावकको संरक्षकत्वमा समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिन्छ ।

च) उचित सुरक्षाको प्रवन्ध र आवश्यकपूर्व सुसूचित सहमती वेगर सहभागीहरु कसैको पनि जीउज्यानमा खतरा पुग्ने साहसिक खेलहरु खेलाउन ।

छ) बाल समूह कोष निर्माण वा आयआर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार व्यवसायहरु ।

ज) वयस्कहरुको संस्था वा समूहले जस्तो सिंगो परियोजना संचालन गर्ने वाअन्य धेरै ठूला र लामो समयका गतिविधिहरु गर्न हुदैन ।

झ) सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बाल अधिकारकर्मी, स्थानीय बालअधिकार समिति तथा बालमैत्री शुसासन समन्वय समितिको परामर्शमा स्थानीय निकाय वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाउन सकिनेछ ।

## १६. सदस्यता वितरण र व्यवस्थापन

क) बालसमूहले स्वतन्त्र रुपमा आफ्नो सदस्यता वितरण गर्न सक्छ । बालसमूहको सदस्य हुन सोही विद्यालयको विद्यार्थी वा सोही समुदाय वा क्षेत्रमा बसोबास भएको बालबालिका नै हुनुपर्दछ ।

ख) कुनै बालबालिकाले सदस्य बन्न चाहेकोमा सामान्यतया बालसमूहले सदस्य बनाउनु पर्दछ ।

ग) कुनै पनि बालबालिकालाई सदस्य बन्नका लागि दबाब दिन पाइने छैन ।

घ) सदस्य नभएकै कारण बालसमूहले आयोजना गर्ने खुला र सार्वजनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी हुनबाट बञ्चित गराउन पाइने छैन ।

ङ) सदस्यहरुको अभिलेख बाल समूहले आफ्नै रजिष्ट्ररमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा निम्न कुराहरु उल्लेख हुनुपर्दछ : नाम थर, ठेगाना, उमेर, लिंग,(विद्यालयमा भए कक्षा), अभिभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो -उपलब्ध भए सम्म)।

च) श्रोत साधन भएको अवस्थामा बालसमूहले सदस्यताको प्रमाण-पत्र पनि वितरण गर्न सक्नेछ ।

## १७. प्रतिनिधत्व र सहभाागीताको समानअवसरको व्यवस्थापन

क) बालसमूहका सदस्यहरु माझ सबैले उपयुक्त अवसरहरु प्राप्त गर्न सक्ने र आफ्नो व्यक्तित्व विकास गर्ने समान अवसर प्राप्त गर्न सक्ने मान्यता बालसमूहको नेतृत्व गर्ने समूहले राख्नु पर्दछ ।

ख) समान अवसर र प्रतिनिधित्वका लागि विषयगत समूहहरु बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर दिन सकिनेछ ।

ग) निरन्तर एकै व्यक्ति हुनुपर्ने वा आयोजक संस्था वा निकायले तोकेको अवस्थामा बाहेक सकेसम्म पालैपालो सबै सदस्यहरुलाई सहभागिताको अवसर दिनुपर्नेछ ।

घ) बालसमूहको प्रतिनिधित्व गर्ने व्यक्तिले कुनै कार्यक्रममा जानु अघि आफ्नो समूहका सदस्य र सहजकर्तासँग आफुले के-कस्ता सवाल उठाउने बारेमा छलफल र परामर्श गर्नुपर्दछ ।

ङ) बालसमूहका सदस्यकुनै कार्यक्रम वा बैंठकमा सहभागी भएपछि आफ्नो समूहका सदस्यहरु र सहजकर्ताको बैंठक राखी आफू सहभागी भएका कार्यक्रमको बारेमा जानकारी दिनुपर्नेछ । सकेसम्म एक पेजमा प्रतिवदेन लेखेर बालसमूहको फाइल वा माइन्युट सँगै राख्नुपर्नेछ ।

## १८. सदस्यहरु बीचको विवादको समाधान

सामान्यतया बाल समूहमा उत्पन्न हुने विवादहरुलाई निम्न ढंगले समाधान गर्न सकिनेछ :

कं) बालसमूहको योजना निर्माण लगायतका छलफलमा सबै सदस्यहरुलाई स्वतन्त्र र छोटो रुपमा आफ्नो विचार राख्न लगाउनु पर्दछ ।

ख) बालसमूहको बैंठक बस्ने छलफल गर्ने तथा नेतृत्व चयन प्रक्रियाका बारेमा आचार संहिता निर्माण गर्नुपर्नेछ ।

ग) बालसमूहका सदस्यहरु मझ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरु प्राप्त भएमा, ती कार्यक्रमहरुको सूची बनाउने र सदस्यहरुलाई आपसी छलफल गरी कार्यक्रमहरुको प्राथमिकता छनौट गर्न लगाउने । कार्यक्रमको छनौट गर्दा निम्न कुराहरुको आधारमा गर्ने :

- बालबालिकाले रुचिकर मान्ने, सिर्जनात्मक, खेलकुद तथा बौद्धिक विकासका कार्यक्रमहरु पहिलो प्राथमिकतामा गर्ने ।
- बालअधिकारको प्रचार-प्रसार हुने, अभिभावक, निर्णयकर्ताहरु तथा समुदाय माझ बालबालिकाको सरोकारहरु प्रस्तुत गरिने कार्यक्रमहरुलाई छनौट नगर्ने ।
- बालसमूहले गर्न नहुने भनेका कार्यक्रमहरु छनौट नगर्ने ।
- बाल समूहलाई धेरै आर्थिक भार पर्ने तथा लामो समय लाग्ने कार्यक्रमहरु नगर्ने ।
- समुदाय र समुदायका अन्य संस्थाहरुसँग द्धन्द्ध वा मनमुटाव हुन सक्ने कार्यक्रमहरु नगर्ने ।
- धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने वा कक्षा छोडेर तयारी गर्न पर्ने कार्यक्रमहरु नगर्ने ।
- अन्य बालसमूह वा संस्थाले भर्खरै गरिसकेका समान किसिमका कार्यक्रमहरु भए त्यसलाई प्राथमिकतामा पछाडि राख्ने ।

घ) बाल समूहका सदस्यहरु माझ स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरु आएमा ती धारणाहरुलाई समावेश गरी साझा धारणा बनाउनु पर्दछ । यसका लागि निम्न कार्यहरु गर्न सकिनेछ :

- सबै सदस्यहरुले सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरु छोटकरीमा राख्न दिनु पर्दछ । यसरी विचार राख्दा अरुको विचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्न हुँदैन ।
- फरक-फरक धारणहरुलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।
- यदि नितान्त विपरित धारणाहरु अएमा बाल समूहको बैठकमा ती फरक धारणहरुलाई र त्यसलाई समर्थन गर्ने संख्या पनि लेख्ने । तर, बहुमत सदस्यहरुले व्यक्त गरेको धारण अनुसार बाल समूहले गतिविधि गर्नुपर्दछ ।

ङ) बाल समूहका सदस्यहरुमा आर्थिक वा संगठन व्यवस्थापनका विषयम विवाद भएमा निम्न अनुसार समाधान निकाल्ने :

- बाल समूहका सदस्यहरु बीच नै विवादका विषयमा छलफल गरी आपसी सहमति सिर्जना गर्ने ।
- बालसमूहका सदस्यहरुले उठाएको विवादको विषय र उनीहरुले दिएका तर्क तथा प्रमाणहरुको सूची बनाउने ।
- विद्यालयका प्रधानाध्यापक वा समुदायमा आधारित बाल समूहको हकमा आवद्ध समितिका संयोजकले सम्बन्धित विवादको छानबिन गरी निर्णय प्रदान गर्ने ।

च) बाल समूहभित्र आउने विवादको समाधान गर्ने बैठकमा वयस्क सहजकर्ता र आवद्ध समिति वा निकायको प्रमुखको अनिवार्य उपस्थिति हुनुपर्दछ ।

## १९. आर्थिक व्यवस्थापन

क) बालसमूह र सञ्जालको आर्थिक श्रोत निम्न हुन सक्नेछन् :

- मासिक सदस्यता शुल्क,
- चन्दा तथा सहयोग ,
- संस्थाहरुबाट प्राप्त हुने अर्थिक सहायता,
- विद्यालयबाट प्राप्त हुने आर्थिक सहायता,
- वडा तथा गाउँपालिकाबाट प्राप्त हुने आर्थिक सहायता ,
- स्थानीय समूह, नीजि क्षेत्रहरुबाट प्राप्त हुने सहायता ।

ख) बाल समूहले आर्थिक सहायताको निम्ति सामान्य निवेदन दिए पुग्दछ । बाल समूहका लागि ३ हजार रुपैयाँभन्दा बढीको सहयोग दिन परेमा नगद प्रदान नगरी सोभ्कै जिन्सी वा सेवा खरिद गरी सहयोग गर्नुपर्दछ ।

ग) बाल समूहले आर्थिक फछ्र्यौट गर्दा उपलब्ध बिल भपाई र आय-व्ययको हस्त लिखित विवरण बुझाएर गर्न सक्नेछन्

घ) बालसमूहलाई सोभ्कै परियोजना वा अभियान वा अन्यकुनै परियोजना सञ्चालन गर्नका लागि सम्झौता गरी रकम प्रदान गर्न पाइनेछैन ।

ङ) बालसमूहले आफ्नै विद्यालय वा समुदायमा आर्थिक संकलन गर्नका लागि बालअधिकार संरक्षण र प्रर्वद्धनका निम्ति कार्यक्रमहरु आयोजना गर्न सक्नेछन् । जस्तै : देउँसी भैलो, साँस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता आदि । यस्ता कार्यक्रम आयोजना हुँदा आवद्ध निकायको स्वीकृति, सहजीकरण  र सुपरिवेक्षण अनिवार्य रहनेछ ।

च) बालसमूहले संकलन गरेका रकम उनीहरुले आयोजना गर्ने बालमैत्री गतिविधिका निम्ति मात्र खर्च गर्नुपर्नेछ । यस्तो रकम छात्रवृत्तिका लागि, भौतिक पूर्वाधारहरुको निर्माण, मर्मत सम्भारका लागि वा पीडित कसैलाई आपतकालिन सहायता बापत सहयोग उपलब्ध गराउन खर्च गर्न हुँदैन ।

छ) बालसमूहको बार्षिक आय-व्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नुपर्नेछ । बालसमूहले ठूलो रकमको गतिविधि गर्न परेमा सहजकर्ताले आर्थिक व्यवस्थापन र सहजीकरणमा सहयोग गर्नुपर्नेछ । यसरी व्यवस्थापन गर्दा आर्थिक हिसाब किताब बाल समूहवाट अनुमोदन गराउनुपर्नेछ ।

## २०. स्थानीय तह सगँको सम्बन्ध र सहकार्य

क) सबै बाल समूह र सञ्जालहरु आफ्नो स्थानीय तहको कार्यालयमा सूचीकरण तथा नविकरण हुनुपर्नेछ ।

ख) स्थानीय तहले आफ्नो क्षेत्रभित्रको बालसमूहको विवरण अद्यावधिक गर्नेछ ।

ग) स्थानीय तहले आफ्नो बार्षिक बजेट तथा कार्यक्रममा बाल समूहका गतिविधि, बालसमूह र सहजकर्ताको प्रशिक्षण तथा बालसमूह प्रतिनिधिको परामर्श कार्यक्रमहरु स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरुमा छलफल निर्णय गर्नुपर्दा बाल समूह सञ्जालको प्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराईनु पर्दछ ।

घ) बाल समूहले स्थानीय निकायसँग स्थानीय विकासमा बालबालिका सम्बन्धी योजना तथा कार्यक्रम, सुविधा र उपलब्धिहरुको बारेमा सूचना माग गर्ने, त्यस्ता जानकारीहरु प्रचार प्रसार गर्ने तथा कार्यक्रम र सुविधाहरुको बाल अनुगमन गर्न सक्नेछ ।

ङ) बाल समूहले स्थानीय निकायसँग आफ्ना कार्यक्रमहरुका लागि आर्थिक सहायता तथा प्रविधिक र सामाग्री सहयोगको माग गर्न सक्नेछ ।

च) बालसमूहले हरेक वर्ष आफुले गरेका कार्यक्रमहरुको सूची र विवरण तोकिएको ढाँचामा स्थानीय निकायलाई उपलब्ध गराउनुपर्नेछ ।

## २१. बालबालिका सम्बन्धी स्थानीय समितिहरुसँगको सम्बन्ध र सहकार्य

क) स्थानीय तहमा वडा बालअधिकार समिति, स्थानीय बालमैत्री शासन समिति, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, गाउँशिक्षा समिति र स्थानीय विपद व्यवस्थापन तथा जोखिम न्युनिकरण समिति, गाउँ स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरफाई समितिहरु बालबालिका सँग प्रत्यक्ष सरोकार राख्ने समितिहरु हुन् ।

ख) यी समितिहरुमा बालसमूह वा सञ्जालका प्रतिनिधिहरु सदस्य वा पर्यवेक्षकको रुपमा सहभागी गराइनु पर्दछ ।

ग) यी समितिहरुको वाीर्षक कार्यक्रम तथा कार्य योजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास, बालसमूहसँग साझेदारीमा गरिने गतिविधिहरु तय गरिनुपर्दछ ।

घ) यी समितिहरुले बाल परामर्श तथा विभिन्न समयमा बालसमूह तथा बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरुलाई स्थानीय निकायको योजना प्रक्रिया समावेश गनराउन पैरवी गर्नुपर्दछ ।

ङ) यी समितिहरुले बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नपर्ने समस्याहरुमा कार्वाही गर्न सम्बन्धित निकायहरु माझ समन्वय गर्ने कार्य गर्नुपर्दछ ।

च) यी समितिहरुले बाल समूहका गतिविधिहरुलाई प्रोत्साहित गर्न उत्कृष्ट बालसमूह पुरस्कार तथा सम्मानका कार्यक्रमहरु गर्न सक्छन् ।

## २२. विद्यालय व्यवस्थापन समिति

क) विद्यालयमा रहेका बालसमूहहरु विद्यालय व्यवस्थापन समितिसँग आबद्ध हुनु पर्दछ ।

ख) विद्यालयको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजना निर्माण प्रक्रियामा बालबालिकासँग परामर्श, बाल समूहका गतिविधिको लागि सहयोगका कार्यक्रमहरु उल्लेख गरिनुपर्दछ ।

ग) विद्यालय व्यवस्थापन समितिमा बालसमूहका प्रतिनिधिलाई पर्यवेक्षकको रुपमा सहभागी गराइनु पर्दछ र बैठकहरुमा बालबालिकाका सरोकारहरु प्रस्तुत गर्न लगाउनुपर्दछ ।

घ) विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशील र विवाद सिर्जना हुन सक्ने विषयहरु जस्तै : शिक्षक नियुक्ति र कारवाही, निर्माण ठेक्कापट्टा तथा अनियमितताका विवादहरुको छलफलमा बालबालिकालाई प्रत्यक्ष र निर्णायक रुपमा सहभागी बनाइनु हुँदैन ।

ङ) विद्यालयमा रहने शिक्षकको व्यवहारिक सीप तथा शैली, निर्माण गरिने भौतिक संरचनाका स्वरुप र गुणस्तरका विषयहरुमा भने बालसमूहका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव संकलन गरिनुपर्दछ ।

## २३. अन्य संघ संस्था तथा सेवा प्रदायक निकायहरु :

क) स्थानीय तहमा क्रियाशिल विभिन्न संघ संस्था तथा सेवाप्रदायक निकायहरुले बालबालिका प्रत्यक्ष प्रभावित हुने वा उनीहरु लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रक्रियामा बालसमूहका प्रतिनिधिहरुसँग परामर्श गर्नुपर्दछ ।

ख) संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको लागि निःशुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरुको बारेमा प्रचार-प्रसार गर्न, सेवाका लागि सम्प्रेषण गर्न तथा सेवा, सुविधा तथा कार्यक्रमहरुको प्रभावकारिताको अनुगमन गर्न बालसमूहसँग सहकार्य गर्न सक्छन् ।

ग) सेवा प्रदायक निकायहरुले बालसमूहका सदस्य तथा बालसमूहसँग सहकार्य र परामर्श कार्यहरु गर्दा उनीहरुको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्न र सकेसम्म विद्यालय समयमा असर पार्न हुँदैन ।

घ) सेवा प्रदायकका निकायहरुले बालसमूहका सदस्यहरुलाई अनिवार्य सहभागिताको नियम लागु गर्न हुँदैन ।

ङ) सेवा प्रदायकका निकायहरुले बालबालिकालाई जोखिमपूर्ण हुने विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरुको राय वा निष्कर्ष माग्न र

त्यस्ता क्षेत्रमा काममा लगाउन हुँदैन । तर न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासँग गरिने परामर्श भने गर्न सकिन्छ ।

च) सेवा प्रदायक निकायहरुले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्य बापत भत्ता वा ज्याला प्रदान गर्ने कार्य गर्न हुँदैन ।

## २४. योजना तर्जुमा प्रक्रियामा बाल समूह प्रतिनिधित्वको व्यवस्था

क) स्थानीय निकायबाट हुने योजना निर्माण प्रक्रियामा बालसमूहको प्रतिनिधित्व र सहभागिता अनिवार्य हुनेछ ।

ख) बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल समूहका सदस्य वा प्रतिनिधिहरुलाई निमन्त्रणा गरिनेछ । भेलामा उनीहरुको सरोकार राख्न निश्चित समय प्रदान गरिनेछ ।

ग) वडा स्तर, गाउँपालिका स्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकाको परामर्श गरिनुपर्नेछ ।

घ) योजना निर्माण तथा बजेट विनियोजनमा बालसमूहलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेट बारे छुट्टै सार्वजनिक सूचना जारी गरिनुपर्नेछ । यस्तो जानकारी सरल भाषामा उपलब्ध गराइनुपर्नेछ ।

## २५. बालसमूहको विघटन

बल समूह निम्न अवस्थामा विघटन भएको मानिनेछ  :

क) बाल समूह निरन्तर २ वर्ष सम्म अद्यावधिक नभएमा । अद्यावधिक नभएका बालसमूहलाई विघटन गर्नु अघि ३ महिनाको समय राखी अद्यावधिक गर्नका लागि सूचित गरिनेछ ।

ख) बाल समूहका बहुमत सदस्यहरुले बाल समूह विघटन गर्ने निर्णय गरेमा ।

ग) विद्यालयले उपयुक्त कारण दर्शाई विद्यालयमा आधारित बाल समूह विघटन गर्न सिफारिस गरेमा ।

घ) आवद्ध स्थानीय निकाय, संस्थावा समुहले उपयुक्त कारण देखाइ बाल समूह विघटन गर्न सिफारिस गरेमा ।

ङ) माथि (ग) र (घ) अनुसार विघटन हुनुपूर्व सार्वजनिक सूचना र बालसमूहका सदस्यहरुसँग छलफल गरिनेछ ।

च) विघटन भएका बालसमूह स्थानीय निकायको सूचीकरणबाट स्वत खारेज हुनेछ ।

छ) विघटन भएका बाल समूहका सम्पत्ति तथा दस्तावेजहरु सम्बन्धित विद्यालय वा स्थानीय तहले जिम्मामा लिनेछ र अर्को बाल समूह गठन प्रयोजनका लागि प्रयोग गर्न सकिनेछ ।

## २६. बाल समूहभित्र दलगत राजनीतिक प्रभावलाई न्युनीकरण गर्ने

क) बालसमूहका सदस्यहरु त्था वयस्क सहजकर्ता कुनै पनि राजनीतिक दल वादलका भातृ संगठनको नेतृत्वमा नरहेको व्यक्ति हुनुपर्दछ ।

ख) बाल समूहले विभिन्न राजनीतिक दलहरुसँग बाल अधिकार प्रवर्द्धन र संरक्षणका विषयमा खुला अन्तर्क्रिया तथा छलफल आयोजना गर्न सक्छन् ।

ग) बालसमूहले कुनै एक राजनीतिक दल वा समूहसँग मात्र संयुक्त कार्यक्रमहरु आयोजना गर्न हुँदैन

घ) बाल समूहले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनीतिक व्यक्ति बाहेक कुनै एक मात्र राजनीतिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा श्रोत व्यक्ति वनाउन हुँदैन ।

ङ) बाल समूहले कुनै पनि राजनीतिक दलको पक्ष वा विपक्षमा हुने गरी कार्यक्रम तथा गतिविधिहरु सञ्चालन गर्न हुँदैन । तर बाल सरोकारको विषयमा वकालत गर्न सक्नेछन् ।

च) बालसमूहले राजनीतिक दल वा भातृ संगठनका बारेमा विशेष जानकारी दिन वा उसको सदस्य बन्न प्रेरित गर्न कार्यक्रम तथा गतिविधिहरु गर्न हुँदैन ।

## २७. बालसमूह र सञ्जाल भित्र सदभाव, सद् व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्ने

क) बालसमूहले आफ्नो संगठन निर्माण, व्यवस्थापन तथा कार्य प्रक्रियाका सम्बन्धमा आचार संहिता निर्माण गर्नुपर्दछ ।

ख) बाल समूह तथा यसका सदस्यहरुले सामाजिक कुरीति, भेदभावको अभ्यास र गलत प्रचलनहरुका पक्षमा नबोल्न र त्यस्ता अभ्यासहरु नगर्न सदस्यहरुलाई प्रशिक्षित गरिनुपर्दछ ।

ग) बालसमूहका सदस्यहरुलाई सबै धर्म, जाति र समुदायबीच सम्मान गर्न, उनीहरुको असल संस्कृति र अभ्यासहरुका बारेमा बुझ्न विभिन्न समयमा विविध साँस्कृतिक कार्यक्रमहरु आयोजना गर्न सकिन्छ ।

घ) बाल समूहको नेतृत्वमा समुदाय वा विद्यालयमा रहेका विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गरिनुपर्दछ ।

ङ) बालसमूहको बैठकमा संस्कृति छलफलका प्रस्ताव नै बनाएर समुदायको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गरिनुपर्दछ ।

## २८. बाल समूहका गतिविधिबारे साझा सुनुवाइको व्यवस्था गर्ने

क) कुनै पनि बाल समूह गठन गरिनु  अघि उक्त समुदाय तथा विद्यालयमा बाल समूहको आवश्यकता, अवसर र सम्भावनाहरु बारे अभिभावक अनुशिक्षण आयोजना गरिनुपर्दछ ।

ख) बालसमूहले आयोजना गर्ने सबै गतिबिधिहरुलाई बालबालिकातथा समुदायले रुचीकर नमान्न पनि सक्छन् । त्यसैले बालसमूहको गतिबिधिहरुको बारेमा गुनासो र प्रतिक्रिया दिने व्यवस्था गरिनुपर्दछ । आएका सुझावहरुलाई सहजकर्ता र बाल समूहका प्रतिनिधिहरु बसी उक्त सुझावका आधारमा बाल समूहका गतिविधिहरुमा सुधार गरिनुपर्दछ ।

ग) सुझाव वा गुनासोको आधारमा मात्रै बाल समूह विघटन गर्ने वा बाल समूहका गतिविधिहरुलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न हुँदैन ।

घ) विद्यालयमा आधारित बाल समूहका गतिबिधिहरुका बारेमा समुदाय तथा अभिभावकहरुले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानध्यापकहरुलाई प्रत्यक्ष भेटेर पनि सुझाव दिन सक्दछन् ।

## २९.बाधा अड्काउ फुकाउ तथा खारेजीः

यस निर्देशिका बमोजिमको कार्यहरुको बाधा अड्काउ फुकाउ तथा खारेजी देहाय बमोजिम हुनेछ

क) यो निर्देशिका कार्यान्वायन हुनु भन्दा पहिले भएका बाल समुह क्लव तथा सञ्जालहरुको क्रियाकलापहरु यस निर्देशिका बमोजिम भएको मानिने छ ।

ख) यो निर्देशिकामा कुनै विवाद भएमा गाउँपालिकाको गाउँ सभाले निर्णय गरे बमोजिम हुनेछ । गाउँ सभाले गरेको निर्णयमा चित्त नबुझ्ने पक्ष वा व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा उजुरी गर्न सक्नेछन्  र जिल्ला अदालतको निर्णय अन्तिम हुनेछ ।

ग) यो निर्देशिकाको खारेजी पर्याप्त कारणहरु देखाई गाउँ सभाको निर्णयबाट गर्न सकिनेछ । वा संघीय वा प्रदेश सरकारले बाल क्लब तथा सञ्जाल परिचालन सम्बन्धि छुट व्यवस्थामा यो निर्देशिका खारेज  हुनेछ ।

**३०. संशोधन :**गाउँ कार्यपालिकाले यो निर्देशिकामा समयानूकूल संशोधन वा कुनै व्यवस्था थपघट गर्न सक्नेछ । तर त्यस्तो शंसोधन वा थपघट गाउँ सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

## अनुसूची १ : बाल समूहको नियम ढाँचा

क) बाल समूहको परिचय

नाम :

ठेगाना :

सूचीकरण नम्बर :

ख) बालसमूहको उद्देश्य र विषयहरु

१.

२

ग) बाल समूहको संगठन

१. सदस्य बन्ने तरिका

२. नेतृत्व चुन्ने तरिका

३. विघटन हुने

४. सदस्य बन्न नपाउने व्यक्तिहरु

५. नेतृत्वमा चुनिन नपाउने व्यक्तिहरु

घ) बाल समूहका सदस्यले पाउन गर्नुपर्ने नियमहरु

१. सदस्य भइसकेपछि पालन गर्ने नियमहरु

२. नेतृत्वमा निर्वाचित भएपछि पालन गर्ने नियमहरु

३. बैठकमा पालन गर्ने नियमहरु

४. अन्य बालसमूहका सदस्य, बालबालिका तथा निकायसँग व्यवहार गर्ने नियमहरु

ङ) बालसमूहको आर्थिक श्रोत

१. सदस्यता शुल्क
२. नविकरण शुल्क
३. अन्य सहायता र श्रोतहरु
४. पैसा जम्मा गरी राख्ने ठाउँ
५. आम्दानी र खर्च विवरण कसले राख्ने

च) अन्य विषयहरु

## अनुसूची २ : बाल समूहका लागि आवश्यक आधारभूत सामाग्रीहरु

१. बाल समूहको सामाग्री राख्नका लागि बाक्सा वा दराजवा झोला

२. माइन्युट कपी

४. बाल समूहको नियम

५. बाल समूहका अध्ययन सामाग्रीहरु

६. बाल समूहको आम्दानी र खर्च लेख्ने लेखा  कापी

७. कलम/डटपेन

८. आवश्यकता अनुसार खेल, शैक्षिक तथा मनोरञ्जनमूलक सामाग्रीहरु

## अनुसूची ३ : बाल समूह कार्य योजना फारम

बाल समूहको नाम :                                        बाल समूहको ठेगाना :

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं :

सर्म्पक व्यक्तिको नाम र सम्पर्क फोन :

सूचीकरण नं.: ..................................

| कार्यक्रमको नाम | विषय/उद्देश्य | कहाँ गर्ने | कहिले गर्ने | श्रोत व्यवस्था | मुख्य जिम्मेवार सदस्यहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची ४ :बाल समूह कार्य प्रगति विवरण फारम

बाल समूहको नाम :                                                    बाल समूहको ठेगाना :

वयस्क सहजकर्ताको नाम र सम्पर्क नं. :

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सूचीकरण नं :.......................................................

| सम्पन्न कार्यक्रमको नाम | विषय/उद्देश्य | कार्यक्रम भएको स्थान | मिति | | खर्च भएको रकम र श्रोत | सहभागी संख्या |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची ५ : बाल समूह बैठक माइन्युटको नमुना

बाल समूहको नाम : .......................................... बैठक संख्या .....................................

बैठक मिति :                                        बैठक स्थान :

आज मिति.................................... मा .............................. बाल समूहको बैठक समूहका ............................. को अध्यक्षतामा बस्यो । बैठकमा उपस्थित सदस्यहरु मझ उल्लेखित प्रस्तावहरु निर्णयाथ पेश गयियो ।

उपस्थिति :

वयस्क सहजकर्ता :

आमन्त्रित (कोही भए )

बाल समूहका सदस्य तथा पदाधिकारीहरु :

प्रस्तावहरु :

क)

ख)

ग)

निर्णयहरु :

क)

ख)

ग)

## अनुसूची ६ : बाल क्लबका पदाधिकारीहरुका लागि नमुना आचार संहिता

- कुनै पनि प्रकारको मद्यपान, धुम्रपानतथा सूर्तीजन्य पदार्थको सेवन नगर्ने ।
- आफुलाई सधै अध्ययनशील राख्दै क्रियाकलापहरुलाई सृजनशिल किसिमले गर्ने
- २१ वर्षको उमेर भन्दा कम उमेरमा वैवाहिक सम्बन्ध कायम नगर्ने एवं अरुलाई पनि बालविवाह गर्न प्रोत्साहित नगर्ने ।
- विद्यालयमा नियमित रुपमा जाने र विद्यालयमा पढाई तथा अतिरिक्त क्रियाकलापहरुमा सक्रिय सहभागिता जनाउने ।
- टुहुरा, अपांग, असहाय आफ्ना साथीहरुलाई विशेष सहयोग गर्ने र उनीहरुसँगको बालमैत्री व्यवहारलाई बढावा दिने ।
- विद्यालय हातामा धुम्रपान, मद्यपान, सुर्तिजन्य पदार्थ तथा मादक पदार्थ सेवन नगर्न तथा विद्यालयको पढाईमा बाधा नपुर्‍याउन अभिभावकहरुलाई सहजीकरण गर्ने ।
- विद्यालय तथा घरमा अनुशासित भएर आफुलाई प्रर्दशन गर्ने र फजुल समयलाई सिर्जनात्मक रुपमा प्रयोग गर्ने ।
- वडा बालअधिकार समिति, स्थानीय बालअधिकार समिति, गाउँपालिकाको  बैठक, परिषद, विद्याल यव्यवस्थापन समिति र हरेक स्तरका हरेक निर्णय प्रक्रियामा पालैपालो गरेर सहभागिता जनाउने र बालबालिकाहरुका समस्याहरु खुला रुपमा प्रस्तुत गर्ने ।
- बालअधिकार सम्बन्धी अभियानमुखी क्रियाकलापहरु सञ्चालन गर्दा विभिन्न सहयोगी साझेदार निकायहरुसँग समन्वय र सहकार्य गर्ने ।
- मोबाईल एवं विद्युतीय उपकरणहरुको दुरुपयोग नगर्ने र सकभर विद्यालयमा मोबाईलको प्रयोग नगर्ने ।
- आफ्नो अधिकारको माग गर्दा अरुको अधिकारको पनिख्याल गर्ने ।
- आफ्नो साथीहरुलाई जातीयवा लैंगिक, रंग, क्षेत्र, भाषा, शारीरिक तथा आर्थिक अवस्था, सामाजिक अवस्था आदि कुनै पनि आधारमा भेदभाव नगर्ने ।
- आफु भन्दा सानो उमेरका भाई बहिनीहरुलाई माया गर्ने र नहेप्ने ।
- कुनै बालबालिका हिंसा, शोषण, भेदभाव, अपहेलना, बेचबिखन, यौन दुर्व्यवहार आदिको जोखिममा परे वात्यस्ता कुराहरुको पिडितभय स्थानीय वडा बाल अधिकार समितिमा तुरुन्त जानकारी गराई आवश्यक सहयोग गर्ने ।

## अनुसूची ७ : बाल क्लब सूचिकृत प्रमाण पत्र

**प्रमाणीकरण मिति :................**

**नेपाल सरकार**

**चन्द्रकोट गाउँपालिका**

**वडा बाल अधिकार समिति**

**वडा नं. ..................**

| बल क्लब सुचिकृत न - |
|---|

संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धी १९८९ र नेपालको बालबालिका सम्बन्धी ऐन, २०७५ को भावना अनुसार यस चन्द्रकोट गाउँपालिकावडा नं ............... ,................/...................... विद्यालयमा रहेका बालबालिकाहरुले स्वत स्फुर्तरुपमा संगठित भई यस चन्द्रकोट गाउँपालिकाले स्वीकृत गरेको बाल क्लब गठन तथा सहजीकरण निर्देशिका २०७९ बमोजिम बाल क्लब/बाल क्लब सञ्जाल गठन गरी सुचिकृत गर्नको लागि दिएको निवेदनको आधारमा तपाई श्री .................... बाल क्लब/बाल क्लब सञ्जाललाई तपशिल अनुसार संकेत नम्बर कायम रहने गरी सुचिकृत भएको व्यहोरा यो बाल क्लब सुचिकृत प्रमाण - पत्र प्रदान गरिएको छ ।

यहाँहरुको रचनात्मक र नेतृत्वदायी कार्यको लागि शुभकामना ।
सूचिकृत नं ............
बाल क्लबको प्रकार : .........(समुदायमा आधारित/ विद्यालयमा आधारित /सञ्जाल)
सूचिकृत मिति :

**प्रमाणीकरण गर्ने अधिकारीको नाम :............**
**पदः .........**
**मिति .............**

**आज्ञाले,**

**बुद्ध प्रकाश पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**